बाह्रविसे नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बाह्रविसे, सिन्धुपाल्चोक ।

आर्थिक वर्ष २०७६।०७७ को  पाँचौ नगरसभामा

नगर प्रमुख श्री निमफुन्जो शेर्पाद्धारा प्रस्तुत

# नीति,कार्यक्रम

आज मिति २०७६ साल असार १३ गते शुक्रवारका दिन यस बाह्रविसे नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को पाँचौ गरिमामय नगरसभाको उद्घाटन शत्रमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि माननीय संघीय संसद श्री अग्नी प्रसाद सापकोटाज्यू, सिन्धुपाल्चोक जिल्ला समन्वय समितिका प्रमुख श्री कृष्णगोपाल तामाङज्यू,जिल्ला समन्वय समितिका सदस्य श्री धनवहादुर तामाङज्यू, उपस्थित उपमेयरज्यू, प्रमुख प्रशासकीय अधिृतज्यू, वडा अध्यक्षज्यूहरु, सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु,उपस्थित पत्रकार मित्रहरु,विषयगत शाखा प्रमुख तथा सम्पूर्ण कर्मचारीहरु,

सार्वभौम सत्ता सम्पन्न नेपाली जनताको नजिक रहेको स्थानीय सरकार गठन भए पश्चात यस बाह्रविसे नगरपालकाको नीति,कार्यक्रम आजको यस सम्मानीत नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले गौरवको अनुभूति गरेको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता समावेशिता र सामाजिक न्यायका लागि जीवन आहुती गर्नु हुने  ज्ञात,अज्ञात शहिदहरु प्रति हार्दिक  श्रद्धान्जली व्यक्त गर्दै, आजको यस गरिमामय नगर सभामा उपस्थित सवैलाई हार्दिक स्वागत गर्न चाहन्छु । हामीले आगामी वर्षको नीति कार्यक्रम तयार गर्दा नेपालको संविधानमा उल्लेख भएका नागरिकका मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तहरु, स्थानीय तहको निर्वाचनमा गरेका प्रतिबद्धताहरु, संघीय सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु,दिगो विकास लक्ष्यले निर्धारण गरेका आधारभुत विषयहरु विभिन्न वडा तथा अन्य कार्यक्रमहरु मार्फत आएका सुझावहरुहरुलाई नीति तथा कार्यक्रम तर्जुमाको मुख्य आधार बनाएका छौं ।

व्यवस्थित, सुन्दर,  भौतिक पूर्वाधार र आर्थिक रुपमा समृद्ध नगरपालिका निर्माणको लागि हामीले धेरै गृह कार्य गरिरहेको छौं । नगरपालिकाको विकासका लागि व्यवस्थित मार्ग चित्र वनाई अगाडी वढ्न नगर प्रोफाईल निर्माण कार्य सम्पन्न भई सकेको छ । सडक, विद्युत, खानेपानी, सिँचाई, वसपार्क, जस्ता नगर पूर्वाधारहरुको गुरु योजना वनाउने, आर्थिक, सामाजिक, साँस्कृतिक रुपमा पछाडी परेका जाती, समूदाय, असहाय,अपाङ्ग आदिका समस्या लाई पहिचान गरी आर्थिक सामाजिक रुपान्तरण गर्न ठोस कार्यक्रम तर्जुमा गरी सकरात्मक नतिजा आउने गरी कार्यक्रमहरु संचालन गर्ने तर्फ नगरपालिकाको विशेष ध्यान केन्द्रित रहेको छ । नगरपालिकाको प्रथम नगरसभावाट काठको पोल मुक्त नगर निर्माण अन्तर्गत स्टील विद्युत पोल व्यवस्थापन गर्ने कार्य करिव ८५ प्रतिशत सम्पन्न भै सकेको छ भने बाँकी कार्यलाई पनि यथा शिघ्र सम्पन्न गर्ने नीति अख्तियारी लिइएको छ । बाह्रविसे बजार

क्षेत्रको सुरक्षा संवेदनलाई ध्यान राखि बजारको मुख्य-मुख्य स्थानहरुमा सिसि क्यामारा जडान गर्ने कार्य भएको छ भने विभिन्न चोकहरुमा सडक बत्तीको व्यवस्थापन गर्न कार्यको थालनी भै सकेको छ भने यस कार्यलाई निरन्तरता दिँदै आगामी आ.व.मा विभिन्न सार्वजनिक स्थलहरुमा सोलार बत्तीको व्यवस्था तथा सिसि क्यामाराको जडान गर्ने कार्यलाई निरन्तरता दिइने छ । नगरको विकासलाई केन्द्रित गरि नगरस्तरीय पर्यटकिय क्षेत्र तथा वस्तीहरु विकास गर्न गुरुयोजना (डीपीआर) निर्माण कार्यको थालनी भै सकेको छ भने सो कार्यको पनि निरन्तरता दिइनेछ । यसै गरी शिक्षा स्वास्थ्य लगायत संविधान र ऐनले प्रदान गरेका अधिकारका विषयहरुलाई जनता सम्म पुऱ्याई सुशासनको अनुभूति गराउने गरी काम गर्ने तर्फ पनि नगरको ध्यान गएको छ । जस अन्तर्गत नगरपालिकावाट प्रदान गरिने सेवाहरुका अतिरिक्त जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक चौतारा सँग समन्वय गरेर स्थायी नेपाली नागरिकता समेतको सेवा लिई नगरपालिकाको प्रत्येक वडाहरुमा एकिकृत घुम्ती सेवा पुऱ्याउने कार्यको थालनी भै सकेको छ नगरपालिका भित्र शिक्षा क्षेत्रको विकास के कसरी गर्न सकिन्छ भन्ने तर्फ सचेत रहँदै चालु आ.व.०७५।०७६ मा शिक्षा सम्मेलन गरि सो को प्राप्त प्रतिवेदनका आधारमा शिक्षा विकासमा ध्यान केन्द्रित गरेकाछौ । तेस्रो नगरसभामा नगरपालिका भित्र एक कभर्डहलको निर्माण गरिने भन्ने तथ्यलाई कार्यान्वयन गर्दै एक नगरस्तरीय व्याडमिन्टन कभर्डहल निर्माण भएको यहाँहरुमा जानकारी गराउन चाहन्छु । तसर्थ यस प्रकारको कार्यहरुमा सहयोग गर्न र रचनात्मक सुझाव दिनको लागि सम्पूर्ण नगरवासी, जनप्रतिनिधि तथा कर्मचारी सवैलाई अनुरोध गर्न चाहन्छु ।

नगरपालिका गठन भई जनप्रतिनिधिको रुपमा आए पश्चात हामीले ४ पटक नगरसभा र २६ पटक कार्यपालिका वैठकहरु सम्पन्न गरे सँगै आज हामी पाँचौ नगरसभा सम्पन्न गर्दैछौं । आवश्यक पर्ने विषय र क्षेत्रमा बजेट विनियोजन गर्ने तर्फ र नीति तथा नियमलाई अनुशरण गर्दै वडा अध्यक्ष तथा कार्यापालिका सदस्यहरु सँग समन्वय गरेर नगरको हरेक कामकाजमा सहजीकरण गर्दै अगाडी वढिरहेको कुरा यहाँहरुमा विदितै छ, र यस प्रकारको समन्व र सहजीकरण आगामी दिनमा समेत हुने छ भन्ने अपेक्षा मैले लिएको छु । तेस्रो नगर सभाबाट स्वीकृत योजनाहरु कार्यान्वयन गर्ने क्रममा भएका केहि विषयहरुलाई चौथो नगर सभाबाट संशोधन गरि योजनाहरु कार्यान्वयन गर्ने कार्य सन्तोषजनक रुपमा अगाडी वढेको छ ।

उपस्थित नगरसभा सदस्यज्यूहरु,

**म नगरपालिकाले लिने मुख्य नीतिहरु निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।**

**तपशिल**

**आ.०७६।०७७ को लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रमहरु**

| **विषय शीर्षक** | **नीति तथा कार्यक्रमहरु** |
|---|---|
| **१.कृषि तथा पशुपालन** | ➢ **नगरपालिकाको क्षेत्र भित्रका व्यवसायिक तरकारी एवं फलफुल खेती र व्यवसायिक पशुपालन कार्य गर्ने कृषकहरुलाई प्रोत्साहन र सहयोग गर्ने ।** |

| | |
|---|---|
| | ➢ फलफुल तथा तरकारी उत्पादन क्षेत्रको पकेट क्षेत्र निर्धारण गरि सो क्षेत्रको घोषणा गरिनेछ। <br>➢ अर्गानिक पकेट पहिचान गरि सो क्षेत्रलाई संरक्षण गरिनेछ। <br>➢ चौरी गाई पालन,भेडा तथा बाखा,गाई,भैंसी,कुखुरा,वंगुर पालनलाई विशेष जोड दिई जसको लागि अनुदान कार्यक्रमलाई समेत संलग्न गराइनेछ। <br>➢ माटो परिक्षण गरि ठाउँ सुहाउँदो फलफुल खेतीको विकास,वेमौसमी तरकारी खेती गर्ने किसान लाई साना सिँचाई र थोपा सिँचाई तथा प्लाष्टिक पोखरी निर्माणको कार्यक्रमलाई प्राथामिकता दिइनेछ। <br>➢ जमिन बाँझो राख्ने कार्यलाई निरुत्साहित गरिनेछ। <br>➢ लोकल कुखुरा पालन तथा संरक्षण गर्ने कृषक तथा फर्महरुलाई अनुदानको व्यवस्था गरिनेछ। <br>➢ कृषिजन्य र पशुजन्य व्यवसायको प्रवर्द्धन गरि बजारीकरणमा सहयोग गरिनेछ। <br>➢ नगरपालिकाले डाले घाँसको विरुवाको नर्सरी स्थापना गरि विरुवा उत्पादन गरिनेछ। डालेघाँसको उत्पादन बढाउन बृक्षारोपण सप्ताह मनाइनेछ <br>➢ साना सिंचाई आयोजनाहरुमा लागत साझेदारीमा ७० प्रतिशत सम्म अनुदान दिने व्यवस्था गरिनेछ। <br>➢ दुध,फुल र मासु उत्पादनमा आत्म निर्भर गराउन एक नीति वनाई अनुदान कार्यक्रमहरु संचालन गरिनेछ। <br>➢ पशु अस्पतालको सम्भाब्यता अध्ययन गरि केन्द्र तथा प्रदेश सरकारको सहयोगमा स्थापना गर्न पहल गरिनेछ। <br>➢ भेंडा र चौरीलाई संरक्षणको लागि छुट्टै र विशेष कार्यक्रमहरु संचालन गरी अनुदान उपलव्ध गराईने छ। |
| २.शिक्षा | ➢ नगरपालिका क्षेत्र भित्रका प्रत्येक वडाहरुमा १/१ वटा आधारभुत तथा माध्यामिक विद्यालयहरुलाई श्रोत साधन सम्पन्न नमुना विद्यालयको रुपमा विकास गरिनेछ। <br>➢ बालविकास [ECD] कक्षाको व्यवस्था तथा सुधार गरिनेछ। <br>➢ जहाँ विद्यार्थी त्यहाँ शिक्षक भन्ने नीति अवलम्वन गर्न विद्यार्थीहरुको चाप न्यून भएका विद्यालयहरुलाई समायोजन गर्ने अख्तियारी लिई कार्य अगाडी वढाई सकेको हुँदा सो कार्यलाई निरन्तरता दिँदै विद्यार्थीको चाप वढी भएको विद्यालयहरुमा आवश्यकताको आधारमा दरवन्दी मिलान गरिने छ तर सवै बालवालिकाले पढन पाउने अधिकार भने सुरक्षित गरिने छ। <br>➢ विद्यालयहरुलाई उनिहरुले अद्यावधिक गरेको विद्यालय सुधार योजना [Schoo Improvement Plan-SIP] को आधारमा मात्र थप अनुदान सहयोग गरिनेछ। <br>➢ विद्यालयहरुमा कुशल शैक्षिक तथा व्यवस्थापकिय नेतृत्व प्रदान गर्न सकिने शिक्षकलाई प्रधानाध्यपकको जिम्मेवारी दिने व्यवस्था गरिनेछ। |

| | |
|---|---|
| | ➢ नगरपालिकाबाट विद्यालयहरुमा विनियोजन हुने विभिन्न शिर्षकका बजेटहरुको सदुपयोग हुने सनिश्चित गरिने छ भने दुरुपयोग गरिने विद्यालयका प्र.अ. तथा विद्याल व्यवस्थापन समितिलाई कारवाहिको दायरा भित्र ल्याइनेछ ।<br>➢ विव्यस पदाधिकारीलाई उनिहरुको काम कर्तव्य र अधिकारको वारेमा जानकारी गराउन अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ ।<br>➢ शिक्षण शिकाईलाई प्रभावकारी वनाउनको लागि शिक्षकहरुलाई पुनरताजकी तालिमको व्यवस्था गरिने छ ।<br>➢ नगरस्तरीय शिक्षा समितबाट विद्यालयहरुको अनुगमन गरि उत्कृष्ट शिक्षकलाई वर्ष शिक्षक भनि सम्मान गरिनेछ ।<br>➢ विद्यालयका विलक्षण प्रतिभा भएका विद्यार्थीहरुको पहिचान गरि शिक्षा दिवसमा सम्मान गरनेछ ।<br>➢ बालविकास कक्षामा कार्यरत सहयोगी शिक्षकहरुको न्यून पारिश्रमिक रहेकोमा निजहरुलाई थप प्रोत्सहनको व्यवस्था गरिनेछ ।<br>➢ विद्यालयहरुमा हुन सकिने आकस्मिक विपदहरुको आवश्यक व्यवस्थापन गरिनेछ ।<br>➢ विद्यालयहरुमा पाठ्यक्रममा आधारित भै पठन-पाठन सञ्चालन तथा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई प्रभावकारी व्यवस्थान गरिनेछ ।<br>➢ शिक्षक दरवन्दी अत्यन्त न्यून भएका विद्यालहरुको पठन-पाठन व्यवस्थापनका लागि स्वंसेवक शिक्षक व्यवस्थापन गरिनेछ ।<br>➢ विद्यालयको आधारभुत पूर्वाधार(खानेपानी,घेरावार) निर्माण तथा व्यवस्थापन गरिनेछ ।<br>➢ नगर भित्रका विद्यालयहरुमा शैक्षिक सुशासन कायम गर्न निरन्तर सुपरिवेक्षण तथा अनुगमन गरिनेछ । |
| ३.स्वास्थ्य | ➢ प्राथामिक स्वास्थ्य केन्द्र नेपाल सरकारवाट १५ सैयाको अस्पतालमा अपग्रेड भएको हुँदा सो अस्पताल सञ्चालनको लागि आवश्यक पूर्वाधार तथा जनशक्तिको व्यवस्थापनमा जोड दिइने छ ।<br>➢ सामुदायिक स्वास्थ्य ईकाइ तथा स्वास्थ्य चौकी नभएका वडाहरुमा स्थापनाको लागि आवश्यक पहल कदमि चालिने छ ।<br>➢ पुर्ण खोप युक्त नगरपालिकाको लागि निरन्तरता दिइने छ ।<br>➢ गाउँघर क्लिनिक सञ्चालनमा ल्याउने छ ।<br>➢ गर्भवती महिलाको नियमित जाँचका लागि विशेष प्याकेज तथा घरमा प्रसुती शुन्यका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>➢ घुम्ती सेवा मार्फत जनताको घरदैलोमा स्वाथ्य पहुँच कार्यक्रमलाई निरन्तरता दिँदै सोहि कार्यक्रम मार्फत विशेषज्ञ डाक्टरहरु सहितको स्वास्थ्य शिविर( आँखा,दाँत,प्रजनन लगायत) सञ्चालन गरिने छ ।<br>➢ महिला स्वंसेवीकाहरुको लागि प्रोत्साहन भत्ता सहित स्वयंसेविका दिवसका दिन पुरस्कार कार्यक्रम सञ्चालन गरिने छ ।<br>➢ नेपाल सरकारले उच्च महत्वका साथ कार्यान्वयनमा ल्याइएको स्वास्थ्य विमा |

| | |
|---|---|
| | कार्यक्रमलाई कार्यान्वयमा ल्याउन सहयोग गरिने छ ।<br>➢ ६० वर्ष पुरा भएका तथा अन्य कारण ले सेवा प्रदान गर्न कठिन भएका महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई स-सम्मान विदाइ कार्यक्रम राखिनेछ ।<br>➢ समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ । महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकारी योजना बनाइ लागू गरिनेछ । |
| ४.पूर्वाधार विकास | ➢ नगरपालिकाको मुख्य सडक कोरिडोरका रुपमा विकास गरी आवश्यक मर्मत सम्भार मार्फत वर्षैभरी सञ्चालन गरिनेछ । नगरपालिका भित्रका अन्य सडक सञ्जाललाई यिनै मुख्य सडकसँग जोडिनेछ ।<br>➢ बालमैत्री,अपाङ्ग मैत्री तथा बातावरण मैत्री पूर्वाधारहरु निर्माणमा प्रोत्साहन गरिनेछ ।<br>➢ नगरपालिकाका रणनीतिक महत्वका सबै सडक योजनाहरुको विस्तृत परियोजना निर्माण(डीपीआर) गर्ने कार्यलाई थप निरन्तरता दिइनेछ ।<br>➢ प्रत्येक वडाहरुमा १ वटा सामुदायिक भवन निर्माण गरिनेछ ।<br>➢ हरेक वडाहरुको सार्वजनिक स्थानहरुमा आगामी २ वर्ष भित्र सौय बत्ती जडान गरिनेछ ।<br>➢ नगरपालिका भित्रका आवश्यक स्थानको पहिचान गरि झोलुङ्गे पुलको निर्माण तथा व्यवस्थापन गरिनेछ ।<br>➢ भयोली कुण्ड,ठिङसा-कालिन्चोक,घुडे,ओमपार्क जस्ता पर्यटकिय क्षेत्रहरु जोडिने सडक निर्माण तथा स्तरोन्नती गरिनेछ ।<br>➢ एकिकृत वस्ती विकासलाई प्रोत्साहन दिने नीति लिईनेछ । एकिकृत वस्ती विकासका लागि पूर्वाधारहरुमा सडक, खानेपानी, विद्युतको क्षेत्रमा प्राथमिकता दिई पूर्वाधार विकास गरिनेछ<br>➢ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पूर्वाधार निर्माण लगायत अन्य क्षेत्रमा परिचालन गरिनेछ ।<br>➢ बेरोजगारको सूचिमा दर्ता भएका व्यक्तिहरु मध्येबाट प्राथामिकताको आधारमा छनौट गरि नगर भित्रका विकास निर्माणका आयोजनामा काम गर्न लगाउनेछ<br>➢ नगरपालिका वा वडाबाट संचालित जुनसुकै आयोजनाहरुमा आवश्यक पर्ने दक्ष वा अदक्ष श्रमिकहरु बेरोजगार सूचिमा दर्ता भएकाहरुलाई लगाइनेछ ।<br>➢ नगरपालिकामा नगर प्रमुखको अध्यक्षतामा रहेको निर्देशन समितिले स्थानिय रोगगारको पहिचान गरि आफ्नो पालिकामा रहेको रोजगारदाता सँग सम्झौता गरि बेरोजगार सूचिमा दर्ता भएकाहरुलाई विशेष प्राथामिकताका साथ रोजगारीको अवसर प्रदान गरिनेछ ।<br>➢ नगर चक्रपथ निर्माण,उपयुक्त स्थानको खोजी गरी नगरस्तरीय गुम्बा तथा बुद्ध पार्क निर्माण गरिनेछ । |
| ५.खानेपानी तथा | ➢ यस अघि निर्माण भएका खानेपानी परियोजनाहरुको लेखाजोखा अध्ययन गरि |

| | |
|---|---|
| सरसफाई र सिँचाई | पुराना धारा र ट्याङ्कीहरुको मर्मत संभारको व्यवस्थापन गर्ने लक्ष्य लिइएको छ।<br>➢ एकघर एक धारा प्रति धारा मिटर जडानको नीति अवलम्वन गरिनेछ।<br>➢ प्रत्येक वडा कार्यालय र सार्वजनिक स्थानहरुमा डस्टबिनको व्यवस्था गरिनेछ ।<br>➢ सिँचाई योग्य जमिनहरुको लागि आवश्यक अध्ययन गरि सिँचाई व्यवस्थापन गर्ने नीति तथा कार्यान्विनमा जोड दिइनेछ।<br>➢ भुकम्प तथा पहिरोबाट क्षति ग्रस्त भएका खानेपानीको मुहान तथा वितरण लाईनहरुको पुननिर्माण तर्फ प्राथामिकताका साथ अगाडी वढाइनेछ। |
| ६.युवा तथा खेलकुद | ➢ खेलकुदको विकास,विस्तार गर्न पालिका स्तरीय खेलकुद परिषद स्थापना गरिनेछ।<br>➢ नगरपालिका भित्रका खेलाडीहरुले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा सहभागी भै विजेताहुनेहरुलाई विशेष सम्मान गरिँदै आएकोमा सो कार्यलाई निरन्तरता दिइने छ।<br>➢ नगरस्तरीय मेयर कपको आयोजना गरिनेछ।<br>➢ सम्भाव्यता हेरी नगरपालिका स्तरीय १ र प्रत्येक वडाहरुमा १/१ वटा खेल मैदान निर्माण गरिने छ।<br>➢ युवाहरुलाई स्वरोजगार युक्त वनाउनको लागि विभिन्न भाषा प्रशिक्षण तथा सिप आर्जन कार्यक्रम सञ्चालन गरिनेछ। |
| ७.संस्कृति तथा पर्यटन | ➢ नगरपालिका भित्रका पर्यटकिय सम्भावना वोकेका स्थानहरुको पहिचान गरि सो क्षेत्रहरुको विकास गर्ने नीति लिइने छ।<br>➢ भयौली कुण्ड,घुडे,चुल्ठी,ठिङसाङ,खाग्रे गुफा,गोम्वुलुङ जस्ता क्षेत्रहरुलाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न एकिकृत पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ।<br>➢ टुङटुङ खोला,सुँगुरे तथा घुडे क्षेत्रमा रक क्लाइम्वीङ तथा क्यानोनिङ क्षेत्र विकासको लागि संभाव्यता अध्ययन गरी कार्यक्रम अगाडी वढाइनेछ।<br>➢ क्षमादेवी मन्दिर,कफेश्वर महादेव मन्दिर, बौद्ध उद्यान, खडादेवी मन्दिर,गोल्मास्थान मन्दिर,सिद्धाथान महादेव मन्दिर, जस्ता क्षेत्रहरुलाई साँस्कृतिक पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br>➢ नगरस्तरीय बहुआयामिक साँस्कृतिक संग्रहालय तथा पार्क निर्माण गरिनेछ।<br>➢ नगरभित्रका सम्भावित विश्रामस्थल, चमेना गृह, शौचालय, पोर्टर सेल्टर, पर्यटक संरचना केन्द्र आदिमा पहुंच हुने गरी नगरपालिकाले निजीक्षेत्रसंग सहकार्य गरि पर्यटन पदमार्ग लगायत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनको पहल गरिनेछ।<br>➢ सुनकोशी वनमा अरनिको पार्क निर्माण तथा व्यवस्थापन गरिनेछ। |
| ८.वन,वातावरण | ➢ पहिरो तथा भू-क्ष्यग्रस्त क्षेत्रहरु पहिचान गरि सो क्षेत्रमा वाँस,निगालो,अम्रिसो |

| | |
|---|---|
| तथा भू-संरक्षण | रोपण गरिने,त्यसको संरक्षण र उपयोग गर्ने कार्यको नीति अवलम्वन गरिनेछ ।<br>➢ नदी,खोल्सा कटान नियन्त्रण तथा वस्ती बचाउ कार्यक्रमलाई प्राथामिकताका साथ अगाडी वढाईनेछ ।<br>➢ प्रत्येक वडामा १ ओटा वनस्पती उद्यान निर्माणको नीति लिई कार्यान्वनमा जोड दिइनेछ ।<br>➢ नगरपालिका भित्रका वनमा भएका जडीवुटी उत्पादन,प्रशोधन केन्द्र स्थापनाको लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।<br>➢ वन क्षेत्रमा जथाभावी सडक खन्ने कार्यलाई नियन्त्रण गरनेछ । योजना वद्ध रुपमा सडक तथा पुर्वाधार बनाउदा क्षेति भएका रुख विरुवाको अनुपातमा वृक्षारोपण गर्नु पर्ने बाध्यकारी नियम लागु गरिनेछ ।<br>➢ वातावरणमा असर पार्ने उद्योग स्थापना गर्दा स्थानिय तहको सहमति लिइने गरी वातावरणीय प्राभाव न्यूनिकरणका कार्यहरु संचालन गर्नु पर्ने नीति अवलम्वन गरिने छ ।<br>➢ जलवायु परिवर्तनको सूचना केन्द्र निर्माण तथा व्यवस्थापन गरिनेछ । |
| ९.महिला तथा वालवालिका | ➢ नगरपालिकाबाट सञ्चालित घुम्ती सेवा मार्फत सम्वन्धित टोल वस्तीमा नै जेष्ठ नागरिक परिचयपत्र,अपाङ्ग परिचयपत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>➢ वालसंरक्षण सँग सम्वन्धित ऐन,नियम र रणनीति अनुसार बाल संरक्षण तथा सहभागीतालाई सुनिश्चितता गरिनेछ ।<br>➢ आदिवासी जनजाति र दलित समुदायका व्यक्तिहरुको लागि सामुदायिक संगठनहरुको प्रवर्द्धन र नेतृत्व विकास तथा आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>➢ महिलाहरुलाई आयाआर्जन व्यवसायिकता तर्फ उन्मुख गराउन आवश्यक सिपमुलक तालिम र व्यवसाय संचालनको लागि महिला समुह,समिति र सहकारी संस्था मार्फत सहयोग कार्यक्रमहरु संचालन गरिनेछ ।<br>➢ अल्पसंख्यक,सिमान्तकृत तथा लोपन्मुख जातीको भाषा तथा संस्कृतीको संरक्षण गर्नुका साथै सीप विकास तथा आयमुलक कार्यक्रमहरुमा पहुँच वृद्धि गरि समग्रतामा विकास नीति लिइनेछ ।<br>➢ नगरस्तरीय बाल उद्यान र बालशिकाई केन्द्र स्थापनाको लागि जोड दिइनेछ ।<br>➢ नगरस्तरीय वालवालिका,दलित,महिला,आदिवासी जनजाती,अपाङ्गहरुको समन्वय सञ्जाल गठन गरिनेछ ।<br>➢ महिला हिंसा,मानव वेचविखन,देह व्यापार लगायत महिला विरुद्धको सवैखाले अपराध नियन्त्रण गर्न सामाजिक जागरणका कार्यक्रमहरु संचालन गरिनेछ ।<br>➢ महिला विरुद्ध हुने सबै प्रकारको विभेद हिंसाको रोकथाम तथा नियन्त्रणका लागि कानुनी उपचार वृद्धि गर्न महिला कानुनी परामर्श सेवा केन्द्रको स्थापना गर्न पहल गरिनेछ ।<br>➢ हिंसा,पीडित एकल महिला,बेसहारा एवं अपाङ्गता भएका महिलाहरुको अधिकार |

| | |
|---|---|
| | संरक्षण प्रवर्द्धन,सामजिक सुरक्षा,एवम पुनस्थापनाका लागि कार्यक्रमहरु संचालन गरिनेछ । <br> ➢ गरीब तथा एकल महिलाहरुको लागि क्षमता अभिबृद्धिका लागि विशेष कार्यक्रम ल्याइनेछ । <br> ➢ बैदेशिक रोजगारमा जाने महिलाहरुको लागि सुरक्षित तरिकाको बैदेशिक रोजगारको लागि परामर्श प्रदान गरिनेछ ॥ <br> ➢ गाउँगाउमा सहकारी घरघरमा रोजगारी भन्ने नारालाई साकार पार्न प्रत्येक महिलाहरुको लागि सिप विकासका कार्यक्रमहरु संचालन गरिनेछ । <br> ➢ जनप्रतिनिधी महिला र अन्य महिलाहरुको क्षमता विकास महिला हिंसा,मानव वेचविखन,देह व्यापार लगायत महिला विरुद्धको सवै खाले अपराध नियन्त्रण गर्न सामाजिक जागरणको कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| १०.सहकारी विकास | ➢ नगरपालिका भित्रका सहकारीहरुको नियमित अनुगमन गरिनेछ । <br> ➢ व्यक्तिगत र सामुहिक व्यवसायिक कृषि तथा पशुपालन विमाको लागि साना किसान सहकारीलाई सशक्त माध्ययमको रुपमा परिचालन गरिनेछ । <br> ➢ व्यक्तिगत र सामुहिक व्यवसायिक कृषि तथा पशुपालन विमाको लागि साना किसान सहकारीलाई सशक्त माध्यमको रुपमा परिचालन गरिनेछ । <br> ➢ स्थानीय सहकारी सम्वन्धि क्षमता अभिवृद्धिको लागि विशेष कार्यक्रम संचालन गरिनेछ । <br> ➢ सहकारी सम्वन्धि राष्ट्रिय , केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघ सस्थासंग समन्वय र सहकार्य गरिनेछ । |
| ११.लघु, घरेलु तथा साना उद्योग | ➢ परम्परागत सेवा र सो सँग सम्वन्धीत सिपको प्रर्वद्धन,संरक्षण र विकास गरि तिनलाई व्यवसायको रुपमा विकास गरिनेछ । <br> ➢ राडी,पाखी,गलैचा,ढाका वुनाई छ्युर्पी हस्तकला,वाँस जन्य सामाग्रीहरुको उत्पादन तथा विक्री वितरण र संकलन केन्द्रको व्यवस्थापनमा जिल्ला घरेलु तथा साना उद्योग तथा सम्वन्धित निकाय सँग समन्वय गरि सञ्चालन गरिनेछ । <br> ➢ स्थानीय स्तरमा सम्भावना भएका घरेलु सामग्रीहरुको उत्पादनमा जोड दिइनेछ । <br> ➢ व्यवसायिक क्षेत्रमा लाग्न चाहने यूवाहरुलाई आधारभूत तालिम,यन्त्रउपकरण सहयोग को व्यवस्था मिलाईनेछ । <br> ➢ बैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरी उनीहरुलाई स्वरोजगारमुखी सिप प्रदान गरिनेछ । |
| १२.राजश्व संकलन र परिचालन | ➢ स्थानीय सरकार संचालन ऐन,२०७४ मा व्यवस्था भए वमोजिम आन्तरिक आयलाई व्यवस्थित वनाउन आवस्यक पर्ने नियम, कार्यविधि, निर्देशिकाहरु स्वीकृत गरी लागू गरिनेछ । |

| | |
|---|---|
| | ➢ आन्तरिक आयतर्फका संभाव्य क्षेत्रहरुको पहिचान गरी करका दर भन्दा दायरा फराकिलो वनाईनेछ । नगरपालिकाको राजस्वको संभाव्यता अध्ययन गरिनेछ ।<br>➢ बाह्रविसे नगरपालिकामा आन्तरिक आयलाई थप सशक्त वनाउन नगर भित्रका वुद्धिजीवि,सर्वसाधारण नागरिकहरुबाट सल्लाह सुझाव लिई राजश्वको दायरलाई अझ फराकिलो गर्दै आन्तरिक स्रोतको व्यवस्था गरिनेछ ।<br>➢ राजश्वका प्रमुख स्रोतहरुः सम्पति कर,घरनक्सा पास तथा अभिलेख दस्तुर,व्यवसाय कर,बहाल विटौरी शुल्क,नदी जन्य पदार्थको ठेक्का,काठका मुडाहरु जस्ता शुल्कहरुलाई सहज असुली गर्ने व्यवस्था मिलाइनेछ ।<br>➢ दैवि प्रकोप,प्राकृतिक विपत्तिबाट पीडित व्यक्ति,घर परिवारलाई यस आ.व.मा सम्पति कर मिनाह दिने नीति अवलम्वन गरिने छ ।<br>➢ राजस्व संकलन सम्वन्धित व्यवस्थालाई थप मजवुद गर्दै आगामी आ.व.मा नयाँ सफ्टवेयर प्रणालि जडान गरि आन्तरिक आयको व्यवस्थापन गरिनेछ ।<br>➢ आगामी आ.व.देखि आन्तरिक आय व्यवस्थित गर्नको लागि राजश्वको कार्य योजना तयारी गरि लागु गरिनेछ । यसका लागि सवैको सहयोगलिई चौमासिक रुपमा समिक्षा समेत गर्दै नगरको आन्तरिक आय वृद्धि गर्न थप पहल गरिनेछ । |
| १३.सुशासन तथा सेवा प्रवाह | ➢ नागरिकहरुको सूचनामा पहुँच वढाउनको लागि नगरले सञ्चालन गरेको कार्यहरु तथा निर्णयहरु नगरपालिकाको आफ्नै वेवसाइट,डाटापोर्टल,मोवाइल एप्लिकेसन मार्फत सूचना प्रवाह गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>➢ नगरपालिकाको बजार क्षेत्रमा शान्ती सुरक्षा कायम राख्न तथा बजार क्षेत्रमा हुने विभिन्न घटनाहरुको बारे जानकारी लिन र दिन सिसि क्यामारा जडान गर्ने कार्य भै रहेको छ, भने अन्य विभिन्न सार्वजनिक स्थलहरुमा पनि यस प्रकारको कार्यलाई निरन्तरता दिइने छ ।<br>➢ नगरपालिकाबाट प्रवाह हुने सेवा प्रवाह,सम्पन्न योजना तथा कार्यक्रमका सम्वन्धमा नगरपालिकामा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रम आयोजना गरिनेछ ।<br>➢ नगरपालिकाबाट सञ्चालन गरिएको एकिकृत घुम्ती सेवालाई निरन्तरता दिइनेछ ।<br>➢ नगरपालिकास्तरीय तथा वडा स्तरीय ५ लाख भन्दा माथिका योजनाहरु सञ्चालन गर्दा आयोजना स्थलमा अनिवार्य होर्डिङ्वोर्ड राख्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।<br>➢ जनप्रतिनिधिहरुका लागि ऐन नियम कार्यविधि र समसामयिक विषयवस्तु वारे तालिम तथा सेवा प्रवाह सम्वन्धमा कर्मचारी र पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ<br>➢ उपभोक्ता समितिका लागि योजना सम्झौता, कार्यान्वयन, अनुगमन मुल्याङ्कन, योजनाको दिगो बिकास तथा उपयोग र मर्मत सम्भारगर्ने बिषयको |

| | |
|---|---|
| | अभिमुखिकरण ।<br>➢ कर्मचारीहरुको लागि ऐन नियम कार्यविधि र समसामयिक विषयवस्तु वारे तालिम तथा कर्मचारीहरुका लागि असल अभ्यास भएका नगरपालिकाहरुमा अनुभव आदान प्रदान  अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।<br>➢ जनतालाई सुशासनको प्रत्याभुति हुने गरी कार्य गर्ने कार्यलाई थप प्रभावकारी वनाउन भ्रष्टाचारलाई सुन्य सहनसीलताको नीति अख्तियारी लिनेछ । |
| १४.सरकारी तथा गैरसरकारी निकाय सँगको समन्वय | ➢ यस नगरपालिका भित्र कार्य गर्ने सम्पूर्ण संघ-संस्थाहरु नगरपालिका सँग समन्वय गरेर सम्वन्धित कार्यक्षेत्र भएका वडाहरुको वडा सिफारिस अनिवार्य रुपमा समावेश गराएर मात्र आफ्ना कार्यक्रमहरु सञ्चालन गर्ने नीति अख्तियार लिइनेछ ।<br>➢ संघ-संस्थाहरुले आर्थिक वर्षको शुरुवातमा नै आफ्ना वार्षिक कार्यक्रमहरु नगरपालिकामा पेश गर्नु पर्ने छ ।<br>➢ संघ-संस्थाहरुले आफुले गरेको कार्य प्रगति विवरण चौमासिक रुपमा नगरपालिकामा वुझाउनु पर्नेछ ।<br>➢ नगरपालिका भित्र क्रियाशिल संघ-संस्थाहरु मार्फत सञ्चालित योजनाहरुलाई थप प्रभावकारी वनाउन नगरस्तरीय अनुगमन समितिबाट अनुगमनमा जोड दिइनेछ । सो अनुगमन समितिमा नगरपालिकाका पदाधिकारी,कर्मचारी,सम्वन्धित संस्थाका प्रतिनिधिहरु, गैसस महासघ,नेपाल पत्रकार महासघको प्रतिनिधि समेतलाई सहभागी गराईनेछ ।<br>➢ नगरपालिका क्षेत्र भित्र कार्यरत संस्थाहरुलाई सूचिकृत गराउने कार्यलाई निरन्तरता दिइनेछ |
| १५ न्याय सम्पादन | ➢ न्यायमा सवैको पहुँच सुनिश्चित गर्न स्थानीय न्यायिक समितिको कार्यलाई व्यवस्थित गरि वडा स्तरमा सामुदायिक मेलमिलाप कर्ताहरुलाई सक्रिय वनाईने छ ।<br>➢ घुम्ती कानुनी सिविर सञ्चालन गरि स्थानीय जनताको घरदैलोमा कानुनी सेवा उपलब्ध गराईनेछ ।<br>➢ न्यायिक समितिका पदाधिकारीहरु,सामुदायिक मेलमिलाप कर्ताहरुको क्षमता विकास तालिम तथा वर्षमा १ पटक अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।<br>➢ नगरपालिकामा प्राप्त हुने सवै मुद्दाहरुलाई छिटो र छरितो,छिनोफानो हुने व्यवस्था मिलाइने छ ।<br>➢ उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वनका लागि निम्न नीति, ऐन र कार्यविधिहरु तर्जुमा गरी लागु गरिनेछ ।<br>१.बाह्रविसे नगरपालिकाको शिक्षा ऐन २०७६<br>२.बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि २०७६<br>३.सुरक्षित आप्रवासन(सामी) कार्यक्रम सञ्चालन कार्यविधि २०७६<br>४.सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गर्न सेवा प्रदायक संस्था छनौट सम्वन्धी कार्यविधि २०७६ |

| | |
|---|---|
| | ५.बालसंरक्षण नीति |
| १६.नगर प्रहरी | ➢ .नगरपालिकाको नीति,कानून, मापदण्ड तथा निर्णय कार्यान्वियन गर्न, नगरपालिकाको सम्पत्तिको सुरक्षा गर्न, स्थानीय स्तरमा हुने सभा समारोह , परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन, नगर सरसफाई सम्वन्धि मापदण्डको कार्यान्वियन,न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वियन , सार्वजनिक ऐलानी र पर्ती जग्गा सार्वजनिक भवन सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण तथा सुरक्षा, विपद व्यवस्थापन सम्वन्धि खोजी उद्धार राहत तथा पुनर्स्थापना , अनधिकृत विज्ञापन तथा होडिङ्ग वोर्ड नियन्त्रण र अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण तथा सेवा सञ्चालन लगायत कार्यपालिकाले तोकेका अन्य कार्य गर्नको लागि नगर प्रहरीको व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।<br>➢ नगर प्रहरीको गठन, सन्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी परिचालन नगरपालिकाको स्थानीय राजपत्र वमोजिम गरिनेछ । |
| १७.विपद व्यवस्थापन | ➢ वडा तथा नगर स्तरमा विपद् व्यवस्थापन योजना तयारी गरिने छ र सोको कार्यान्वियनको लागि सम्वन्धित सरोकारवाला निकायहरु सँग समन्वय गरी कार्य संचालन गर्ने नीति लिइने छ ।<br>➢ स्थानीय विपद व्यवस्थापन कोषलाई प्रभावकारी वनाउँदै सो कोषलाई निरन्तर थप गर्दै लगिनेछ ।<br>➢ नगरभित्रका जोखिम युक्त स्थानहरु पहिचान गरि सो क्षेत्रको जोखिम न्यूनिकरणका कार्य गर्ने नीति लिइनेछ ।<br>➢ स्थानीय विपद व्यवस्थापन समितिलाई आवश्यक तालिम तथा पूर्व तैयारीको व्यवस्थापनमा जोड दिइनेछ ।<br>➢ सम्भावित विपद ब्यवस्थापनका लागि खोज तथा उद्धार, राहत सामाग्रिको पुर्व भण्डारण गरिने गरी आवश्यकता अनुसार परिचालन गर्ने ।<br>➢ बजार क्षेत्रमा नदीमा वाढीको प्रकोप अग्रीम जानकारी गराउने उद्देष्यले सो जानकारी गराउन साइरनको व्यवस्था गरीनेछ । |
| १८.विद्युतिकरण एवं वैकल्पिक उर्जा | ➢ नगरपालिका भित्र काठको पोल मुक्त नगर निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।<br>➢ नगरभित्रका स्टिल तारलाई विस्थापित गर्दै केवल तारको विस्तार गर्ने नीति लिइनेछ ।<br>➢ नगरभित्रका महत्वपूर्ण सार्वजनिक स्थलहरुमा सौर्य उर्जाको व्यवस्थापनमा नगर तथा सम्वन्धित निकायमा सिफारिस गरिनेछ ।<br>➢ विद्युत चुहावट नियन्त्रण गर्नको लागि सवै घरहरुमा अनिवार्य विद्युत मिटर जडान गर्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ । |

सभाका सदस्यज्यूहरु,

नगरवासीहरुको विकास निर्माणमा अथाह चाहना र सिमित स्रोत साधनको बावजुद पनि हामीले नगरको विकास निर्माण कार्यलाई अगाडी वढाउने कार्यलाई निरन्तरता दिँदै आएको छ । पाँचौ नगरसभालाई सफलतापूर्वक सम्पन्न गराउनका लागि उपस्थित हुनु भएका प्रमुख अतिथि संघीय संसद माननीय अग्नी प्रसाद सापकोटाज्यू,जिल्ला समन्वय समितिका प्रमुखज्यू,,सदस्यज्यू,उपप्रमुखज्यू,नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू, पत्रकार मित्रहरु,विषयगत शाखाका प्रमुख, सम्पूर्ण कर्मचारीहरु लगाएत यस नगरसभालाई सम्पन्न गराउनको लागि महत्वपूर्ण सल्लाह,सुझाव, दिनुहुने सम्पूर्ण महानुभावहरु र नगरवासीहरुमा हार्दिक धन्यावाद दिन चाहन्छु ।

धन्यावाद ! नमस्कार

निमफुन्जो शेर्पा
नगर प्रमुख

बाह्रविसे नगरपालिकाको पाँचौ नगरसभा २०७६।०३।१३ गतेका दिन उपप्रमुख श्री सुशीला पाखीनद्धारा प्रस्तु एवं पारित आ.व.०७६।०७६ को बार्षिक कार्यक्रम तथा बजेट

सभाका सम्मानीत सभाध्यक्षज्यू,
पाँचौ नगरभामा पाल्नु भएका संघीय माननीय संसद श्री अग्नी प्रसाद सापकोटाज्यू,
जिल्ला समन्वय समितिका प्रमुखज्यू,सदस्यज्यू,
यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू,
सभाका उपस्थित सदस्यज्यूहरु,
पत्रकार मित्रहरु,
विषयगत शाखाका प्रमुख लगाएत सम्पूर्ण कर्मचारीज्यूहरु

राष्ट्रिय स्वतन्त्रता,सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको निम्ति सार्वभौम नेपाली जनताले निर्णय गरेको नेपालको संविधान कार्यान्वयनका साथै आम नेपाली जनताको आर्थिक सम्वृद्धि,समुन्नत नेपाल निर्णय अभियानको प्रारम्भिक चरणमा आज हामी बाह्रविसे नगरपालिकाको पाँचौ नगरसभा सम्पन्न गर्ने क्रममा छौं । नगरपालिका जनताका जनचाहना अनुरुपको शुसासन,जनहितका कार्य,विकास निर्माण र आर्थिक सम्वृद्धि प्राप्तिका लागि बाह्रविसे नगरपालिकाले राजनैतिक नेतृत्व सदैव प्रयत्नशील रहने कुरामा यहाँहरुलाई विश्वस्त पार्न चाहन्छु ।

हामीले नगरपालिकाको नीति कार्यक्रम तथा बजेट निर्माण गरी रहँदा विकसित समुन्नत,समृद्धि समावेशी र समतामुलक बाह्रविसे नगरपालिकाको भावी योजनाहरुलाई समेटेर आर्थिक नीति कार्यक्रम

र आयोजनाहरु तय गरेका छौं । स्थानीय सरकार सञ्चालन गर्ने र जनतहरुलाई प्रत्यक्ष सरकारको अनभुत गराउने उद्देष्य सहित अर्थतन्त्रको पुर्नसंरचना गर्दै उपलव्ध स्रोत र साधनको अधिकतम उपयो गरी उच्चदरको समन्यायिक आर्थिक वृद्धी गर्ने विकासको प्रतिफल सम्पूर्ण नगरवासी जनताले प्राप्त गर्ने गरी साधन,स्रोत र अवसरको न्यायोचित वितरण गर्ने दिगो विकासका लागि पूर्वाधार निर्माण गर्ने,वडाहरुको सन्तुलित समान विकासलाई सघाउ पुऱ्याउने र नगरपालकाका जनताको अपनत्व र स्वामित्व हुने विकास आयोजनाहरुको कार्यान्वयन गर्ने विषयमा आगामी बजेट केन्द्रित हुनेछ ।

**१.आ.व.०७६।०७७ को बजेटको प्राथामिकताका क्षेत्रहरु**

- शिक्षा,स्वास्थ्य,खानेपानी
- सडक र स्थानीय पूर्वाधारहरु
- कृषि,पशु,पर्यटन,लघु,घरेलु उद्योग प्रवर्द्धन
- सेवाप्रवाह,सुशासन
- यूवा तथा खेलकुद
- लक्षित वर्ग उत्थान

**२.बजेटका उद्देष्यहरु**

- नगरपालिकाले शिक्षा सुधारको लागि गरिएको शैक्षिक सम्मेलनबाट निर्दिष्ट उद्देष्यहरु हासिल गर्ने,स्वाथ्य सुधार र नगरवासीहरुमा १ घर १ खानेपानी धारा पुऱ्याउनु
- सडक तथा पूर्वाधार विकास निर्माणको कार्यहरुलाई स्थानीय जनताहरुको चाहना अनुरुप विकास गरिदै लैजानु ।
- कृषि र पशु पन्छि विकास एवं कृषिमा आधुनिक प्रविधिको शुरुवात गराई कृषि र पशुपन्छि विकास गरिने,नगरको पर्यटकिय क्षेत्रको पहिचान तथा प्रवर्द्धनत्मक कार्यक्रमहरु सञ्चालन गरिने,घरेलु तथा साना उद्योग वृद्धि विकासका कार्यहरु गरिने,गाउँमानै हुने सिप लाई उच्च प्राथामिकता साथ लागु गरिने
- नगरपालिकाबाट प्रवाह हुने सेवा तथा सुशासन जनताहरुमा प्रत्यक्ष लाभ हुने तथा अपनत्व हुने गरि कार्यक्रमहरु सञ्चालन गरिनु ।
- युवाहरुलाई स्वास्थ्य तथा सामाजिक उत्तरदायि वनाउनको लागि खेलकुद वृद्धिविकास गरिनु ।
- नगरपालिका भित्रका लक्षित समुदायहरुको लागि विषेश कार्यक्रम मार्फत उनीहरुको दैनिक जीवनमा सहयोग पुऱ्याउनु ।

**सभाध्यक्षज्यू,**

बाह्रविसे नगरपालिकाले आ.व.०७६।०७७ मा नगरपालिकालाई केन्द्र सरकार,प्रदेश सरकार,आन्तरिक स्रोत र अन्य निकायवाट प्राप्त हुन आउने सहितको अनुमानित रु.५२७५५०३८८।-(

अक्षरुपी बाउन्न करोड पच्चहत्तर लाख पचास हजार तीनसय अठासी रुपैयाँ मात्र) प्रक्षेपण गरि निम्नानुसारको योजनाहरु बनाई पेश गरीएको छु ।

**तपशिल**

| आ.व.०७५।०७६ को आय व्यय विवरण | | | |
|---|---|---|---|
| आय | रकम रु | व्यय | रकम रु |
| संघिय सरकार | | पुँजीगत | |
| सशर्त | १६२००००००।- | राजस्व बाँडफाँड | ७९९०००००।- |
| समानीकरण अनुदान | १४५१०००००।- | वित्तिय समानीकरण | ६५२०००००।- |
| राजश्व बाँडफाँड | ७९९०००००।- | रोयल्टी | २३२९३८८।- |
| रोयल्टी | २३२९३८८।- | प्रदेश समानीकरण | १०१५५०००।- |
| प्रदेश सरकार | | मध्येभोटेकोशी प्र. | १०६०००००।- |
| सशर्त | | सानिमा हाइड्रो | ३०००००।- |
| समानीकरण | १०१५५०००।- | मध्येभोटेकोशी शि. | १५०००००।- |
| | | प्रदेश राजश्व बाँडफाँड | ६३७००००।- |
| | | **जम्मा** | **१७६३५४३८८।-** |
| राजश्व बाँडफाँड | २०६६६०००।- | चालु | |
| आन्तरिक आम्दानी | १००००००००।- | कार्यालय सञ्चालन खर्च | १०४१९६०००।- |
| मध्येभोटेकोशी प्रभावित क्षेत्र विकास कार्यक्रम | १०६०००००।- | सामाजिक सुरक्षा | ८५००००००।- |
| सानीमा हाइड्रो | ३०००००।- | सशर्त केन्द्र | १६२००००००।- |
| मध्येभोटेकोशी शिक्षक तलब | १५०००००।- | **जम्मा** | **३५११९६०००।-** |
| सामाजिक सुरक्षा भत्ता | ८५००००००।- | | |
| **जम्मा** | **५२७५५०३८८।-** | **जम्मा** | **५२७५५०३८८।-** |

तपशिल

**आ.व.०७६।०७७ को लागि वडा कार्यालयवाट प्रस्तावित योजनाहरुको विवरण**

**बाह्रविसे नगरपालिका**

**वडा नं.१,वडा कार्यालय**

आ.व.०७६।०७७ बजेट रु. ५००००००।-(पचास लाख मात्र)

| क्र.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | सेल्पु गुम्बा निर्माण | ४०००००। | |
| २ | मगर गुम्बा निर्माण | ४०००००।- | |
| ३ | लुकुवा पुल निर्माण | ३०००००।- | |
| ४ | पोषण स्वास्थ्य औषधी खरिद | १०००००।- | |
| ५ | महिला तथा बालवालिका कार्यक्रम | १०००००।- | |
| ६ | स्वास्थ्य भवन शौचालय निर्माण | १५००००।- | |
| ७ | चर्चभवन निर्माण | १०००००।- | |
| ८ | विविध | ३५००००।- | |
| ९ | हात्तीकुना पुल | २५००००।- | |
| १० | शिक्षा विकास भुमेश्वरी आ.वि. | ४५००००।- | |
| ११ | नगर्पा सिमटोल कुलो व्यवस्थापन | १५००००।- | |
| १२ | नगर्पा सिँढीबाटो निर्माण | ३०००००।- | |
| १३ | आमादिङ सिढीबाटो | ३०००००।- | |
| १४ | अमखर्क सिँढीबाटो | २५००००।- | |
| १५ | वडा कार्यालय ग्राउण्ड फिलिङ मेसिनरी | ९०००००।- | |
| १६ | ठेनासा सिँढीबाटो निर्माण | २०००००।- | |
| १७ | च्याङगुर्सा छाँगे सिँढीबाटो निर्माण | ३०००००।- | |

बाह्रविसे नगरपालिका

वडा नं.२,वडा कार्यालय

आ.व.०७६।०७७ बजेट रु. ८००००००।-(असी लाख मात्र)

| क्र.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | बुदेपा जिरेलटोल सडक | ५०००००।- | |
| २ | लाकुरीडाँडा कामीखर्क सडक | ४०००००।- | |
| ३ | पुरानोगाउँ गुलगुल पोखरी सडक | २०००००।- | |

| | | | |
|---|---|---|---|
| ४ | पुरानोगाउँ पुछारटोल सडकमा वाल निर्माण | २०००००।- | |
| ५ | दुरुमथली भल नियन्त्रण तथा नाला निर्माण | १०००००।- | |
| ६ | थाल्जीम बगर खानेपानी मर्मत | २०००००।- | |
| ७ | ओडारे डाँडाटोल खानेपानी मर्मत | २०००००।- | |
| ८ | रातोभीर कुडार यार्सा खानेपानी | १५००००।- | |
| ९ | गुलगुल खानेपानी मर्मत साविक वडा नं.५ | १५००००।- | |
| १० | ठार सिम खानेपानी मर्मत | २०००००।- | |
| ११ | काफ्ले कमलादेवी खानेपानी मर्मत | १०००००।- | |
| १२ | सिस्नेरी खानेपानी मर्मत | ४०००००।- | |
| १३ | सिम्ले खेल मैदान निर्माण | ३०००००।- | |
| १४ | जनजागृती यूवा क्ल्व भवन निर्माण | ८०००००।- | |
| १५ | झयाङटोल सामुदायिक भवन निमाृण | २०००००।- | |
| १६ | महिला सामुदायिक भवन शौचालय निर्माण | १०००००।- | |
| १७ | सेतीदेवी मन्दिर निर्माण रिपार | २०००००।- | |
| १८ | कुम्भेश्वरी मन्दिर काभ्रे | २०००००।- | |
| १९ | बसेरी मन्दिर निर्माण | २०००००।- | |
| २० | कालिन्चोक मन्दिर निर्माण सिताथान | १०००००।- | |
| २१ | सिम्ले डाँडाटोल सेतीदेवी मन्दिर निर्माण | २०००००।- | |
| २२ | दशैं लक्षित सडक सुधार | ५०००००।- | |
| २३ | विविध | ४०००००।- | |
| २४ | सुनकोशी उमावि भौतिक निर्माण | ५०००००।- | |
| २५ | नेपाल राष्ट्रिय मावि ग्राउण्ड निर्माण | ४०००००।- | |
| २६ | कृषि कार्यक्रम अलैंची भट्टी | १०००००।- | |
| २७ | भैंसे दोभान देखि भण्डारी टोल जोड्ने सिँढीबाटो | ५०००००।- | |
| २८ | दुरुमथली बुद्धमार्ग सिँढीबाटो निर्माण गुम्बा सम्म | २०००००।- | |
| २९ | गैरावारी सडक मर्मत काभ्रे | १००००० | |
| ३० | पाल्ले ठाडे वगैनेडाँडा सडक निर्माण | २०००००।- | |

बाह्रविसे नगरपालिका

वडा नं.३,वडा कार्यालय

आ.व.०७६।०७७ बजेट रु. ५५०००००।-(पचपन्न लाख मात्र)

| क्र.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | ऐरपानी किरियापुत्री भवन | १०००००।- | |
| २ | रोक्काटोल वि.क.टोल खानेपानी | २०००००।- | |
| ३ | तामाङटोल गुम्बा साङलामा गुम्बा | ३०००००।- | |

| | | | |
|---|---|---|---|
| ४ | गैरीगाउँ प्रतिक्षालय निर्माण | १०००००।- | |
| ५ | देविस्थान धारा किरियापुत्री भवन | ५०००००।- | |
| ६ | मिलन चोक गेट | २०००००।- | |
| ७ | सभाचउर किरियापुत्री भवन | १०००००।- | |
| ८ | मिलन चोक बागेश्वी भुग्देउस्थान सडक | ५०००००।- | |
| ९ | हरावारी सामुदायिक भवन | १०००००।- | |
| १० | सेतीदेवी मन्दिर प्रतिक्षालय थापाटोल | १०००००।- | |
| ११ | साउने लप्सी विसौना सडक | ५०००००।- | |
| १२ | दमैगाउँ किरियापुत्री भवन | १०००००।- | |
| १३ | दियालीपाखा प्रतिक्षालय | १०००००।- | |
| १४ | पुरानोगाउँ बालुवखानी सडक | ६०००००।- | |
| १५ | च्यानगैरा महिला सामुदायिक भवन | २०००००।- | |
| १६ | तीन कन्या सेतीदेवी मन्दिर | २०००००।- | |
| १७ | भुग्देउस्थान लामाटोल भल नियन्त्रण | ३०००००।- | |
| १८ | पोषण कार्यक्रम | १०००००।- | |
| १९ | वडा नं.३,को लागि एम्वुलेन्स भाडा ८०% छुटसहयोग | १०००००।- | |
| २० | बालवालिका छात्रवृद्धि | १०००००।- | |
| २१ | च्यानगैरायार्सा सडक | २०००००।- | |
| २२ | रोक्काटोल प्रतिक्षालय | १०००००।- | |
| २३ | चिलाउनेघारी तल्लो हिटि मर्मत | २०००००।- | |
| २४ | साउने पहिरो नियन्त्रण | १०००००।- | |
| २५ | विविध | ४०००००।- | |

बाह्रविसे नगरपालिका

वडा नं.४,वडा कार्यालय

आ.व.०७६।०७७ बजेट रु. ५००००००।-(पचास लाख मात्र)

| क्र.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | पिपलडाँडा सामुदायिक भवन निर्माण | ३०००००।- | |
| २ | टिम्बुरडाँडा राउतटोल,खडकाटोल प्रतिक्षालय निर्माण | १०००००।- | |
| ३ | बालुवा खानेपानी मर्मत सुधार | ५००००।- | |

| | | | |
|---|---|---|---|
| ४ | भिरकुना वागेश्वरी मन्दिर मर्मत | ७५०००।- | |
| ५ | दलित सामुदायिक भवन,वि.क.टोल फर्निचर खरिद | २५०००।- | |
| ६ | दोलखा पाँचपण्डप भिमसेन मन्दिर निर्माण | ५००००।- | |
| ७ | मिलनचोक देखि पिङहाल्नेडाँडा सम्म सडक मर्मत | २०००००।- | |
| ८ | सेतीदेवी मन्दिर निर्माण तल्लोवुढाथोकी टोल | ५००००।- | |
| ९ | दमैधारा खानेपानी ट्याङ्की निर्माण | २०००००।- | |
| १० | कैजलेधारा मर्मत सुधार | १०००००।- | |
| ११ | गुह्य खोल्सा फट्के साँगु निर्माण | १३००००।- | |
| १२ | अंगेरीपाखा स्विमिङपुल रेलिङबार तथा चेन्जिङरुम निर्माण | ६०००००।- | |
| १३ | काफलबोटको खोल्सा व्यवस्थापन | १०००००।- | |
| १४ | क्षमादेवी भण्डारीटोलको खोल्सामा दुवै तर्फ मेसिनरी वाल निर्माण | २०००००।- | |
| १५ | पुजारीगाउँ देखि सिरुपालीगाउँ सम्म भल नियन्त्रण | १७००००।- | |
| १६ | सल्लेचौतारी प्रतिक्षालय निर्माण | ५००००।- | |
| १७ | दलित सामुदायिक भवन अछामेटोल थप निर्माण | २०००००।- | |
| १८ | दाहालधारा खानेपानी मर्मत सुधार | ५००००।- | |
| १९ | दाहालगाउँ क्रियापुत्री भवन निर्माण तथा २ वटा हिमपाइप राख्ने समेत | १०००००।- | |
| २० | कर्कले खानेपानी निर्माण | २५००००।- | |
| २१ | अधिकारीटोल खानेपानी मर्मत | ५००००।- | |
| २२ | खेलकुद मैदान निर्माण | १५००००।- | |
| २३ | माथिल्लोडाँडा सामुदायिक भवन माथी शिव मन्दिर निर्माण | ५००००।- | |
| २४ | जुगे क्रियापुत्री भवन निर्माण | ५००००।- | |
| २५ | सुनकोशी खानेपानी योजना | २५००००।- | |
| २६ | महादेवस्थान तलपटी सिँढी निर्माण | १०००००।- | |
| २७ | सिमखोल्सा पुछारको भागमा मेसिनरी वाल निर्माण | १०००००।- | |
| २८ | ईलाका प्रहरी कार्यालय जाने बाटो पाखाटोल नाली निर्माण | १३००००।- | |
| २९ | चिलौने चौतारी प्रतिक्षालय निर्माण | ८००००।- | |
| ३० | अरनिको कजेल विद्यार्थी कल्याणकारी कोष | ८००००।- | |
| ३१ | स्वास्थ्य पोषण कार्यक्रम | १०००००।- | |
| ३२ | नेपाल रेडक्रस सोसाइटीको एम्बुलेन्स सेवा अक्ष्य कोष | १०००००।- | |
| ३३ | वडा नं.४,को लागि ८०% एम्बुलेन्स भाडा छुटको लागि | १०००००।- | |
| ३४ | भैरवटोल अन्टी स्मारिका निर्माण | ३०००००।- | |
| ३५ | भैरवटोलमा भगवती मन्दिर निर्माण | १०००००।- | |
| ३६ | पुरानो बजार नाली सरसफाई | ४००००।- | |
| ३७ | पञ्चेबाजा खरिद | २००००।- | |
| ३८ | सुनकोशी चलचित्र भवन छेउको नाली सरसफाई | २५०००।- | |
| ३९ | विविध | २५०००।- | |

बाह्रविसे नगरपालिका

वडा नं.५,वडा कार्यालय

आ.व.०७६।०७७ बजेट रु. ५००००००।-(पचास लाख मात्र)

| क्र.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | महिला लक्षित कार्यक्रम | २०००००।- | |
| २ | बालवालिका लक्षित कार्यक्रम | १०००००।- | |
| ३ | दलित लक्षित कार्यक्रम | १०००००।- | |
| ४ | साबुन बनाउने तालिम तथा उपकरण खरिद | ५००००।- | |
| ५ | नमुना सिमसार आधारभुत विद्यालय फर्निचर खरिद | १०००००।- | |
| ६ | सिंगार्चे आधारभुत विद्यालय खानेपानी मर्मत पहिरो नियन्त्रण | २०००००।- | |
| ७ | मातृ तथा बाल स्वास्थ्य कार्यक्रम | १०००००।- | |
| ८ | जम्बु खेल मैदान घेरबार | २०००००।- | |
| ९ | बुकाम ट्रान्सफर्मर खरिद | ३५००००।- | |
| १० | कुखुरे सामुदायिक भवन निर्माण | ८०००००।- | |
| ११ | उर्गेलिङ्ग गुम्बा घडेरी निर्माण | ४०००००।- | |
| १२ | कसेरी खा.पा.योजना तल्लोटोल निर्माण | ५०००००।- | |
| १३ | भुमेस्थान मन्दिर निर्माण खोराङ | २०००००।- | |
| १४ | गुम्बा निर्माण बुकाम | ५०००००।- | |
| १५ | सिरिसे खा.पा.निर्माण | २०००००।- | |
| १६ | कसेरी मन्दिर प्राङ्गण निर्माण तथा घेराबार | २०००००।- | |
| १७ | याल्मुखोला घुम्ती खेत सिँचाई योजना | ३०००००।- | |
| १८ | विविध भैपरी आउने | ५०००००।- | |

मध्येभोटेकोशी आयोजनाबाट प्रभावित क्षेत्र विकास कार्यक्रम अन्तर्गतको रकमबाट खर्च गरिने

बाह्रविसे नगरपालिका

वडा नं.५,वडा कार्यालय

आ.व.०७६।०७७ बजेट रु. २००००००।-(वीस लाख मात्र)

| क्र.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | माथ्लो सिंगार्चे खानेपानी | ९०००००।- | |
| २ | सामुदायिक सूचना केन्द्र तथा पुस्तकालय भवन निर्माण | ७५००००।- | |

| | | | |
|---|---|---|---|
| ३ | खडादेवी आ.वि.फर्निचर खरिद तथा निर्माण | १५००००।- | |
| ४ | गुन्सा खानेपानी निर्माण तथा मर्मत | २०००००।- | |

बाह्रविसे नगरपालिका

वडा नं.६,वडा कार्यालय

आ.व.०७६।०७७ बजेट रु. ५००००००।-(पचास लाख मात्र)

| क.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | महिला लक्षित कार्यक्रम | २०००००।- | |
| २ | बालवालिका लक्षित कार्यक्रम | १०००००।- | |
| ३ | दलित लक्षित कार्यक्रम | १०००००।- | |
| ४ | स्वास्थ्य चौकी औषधी उपकरण खरिद | ५००००।- | |
| ५ | मातृ तथा बाल स्वास्थ्य कार्यक्रम | १०००००।- | |
| ६ | सेतीदेवी आधारभुत विद्यालय घेरावार तथा खोनेपानी मर्मत | ३०००००।- | |
| ७ | सोताङ मन्दिर निर्माण | ५०००००।- | |
| ८ | मान्द्रादेवीथान सामुदायिक भवन मर्मत | २०००००।- | |
| ९ | थाङसिङपोले सडक मर्मत तथा निर्माण | ५०००००।- | |
| १० | बोल्दङचे खानेपानी मर्मत तथा निर्माण | ३०००००।- | |
| ११ | यार्सा शिव मन्दिर निर्माण | ४०००००।- | |
| १२ | गाती पँधेरो धारा निमाृण | ५०००००।- | |
| १३ | भ्यागुतेखोला सडक मर्मत | ८०००००।- | |
| १४ | सखुवा,वोर्डरल्यान्ड पाटन खानेपानी निर्माण तथा मर्मत | ६५००००।- | |
| १५ | विविध खर्च | ३०००००।- | |

मध्येभोटेकोशी आयोजनाबाट प्रभावित क्षेत्र विकास कार्यक्रम अन्तर्गतको रकमबाट खर्च गरिने

बाह्रविसे नगरपालिका

वडा नं.६,वडा कार्यालय

आ.व.०७६।०७७ बजेट रु. २००००००।-(वीस लाख मात्र)

| क.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | बसेरी डाँडाकटेरी सडक मर्मत | ८०००००।- | |
| २ | गाती बाल विकास भवन प्लाष्टर | २०००००।- | |
| ३ | वडा कार्यालय जग्गा खरिद तथा भवन निर्माण | १००००००।- | |

बाह्रविसे नगरपालिका

वडा नं.७,वडा कार्यालय

आ.व.०७६।०७७ बजेट रु. ७५०००००।-(पचहत्तर लाख मात्र)

| क.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | भैरवकुण्ड सडक | ४०००००।- | |
| २ | जम्बु अमलडाँडा सडक | ३०००००।- | |
| ३ | अमलडाँडा देखि पुर्काङडाँडा ज्यामालिङ सडक | ४०००००।- | |
| ४ | खरानी खोला देउराली घलंसा सडक | ४०००००।- | |
| ५ | नेवार गाउँ स्यामसाघु नयाँ ट्र्याक | २०००००।- | |
| ६ | भिरखर्क नयाँ ट्र्याक | ३०००००।- | |
| ७ | बसेरी झोलुङ्गेपुल मर्मत | ५०००००।- | |
| ८ | चापखोला थगाम झोलुङ्गे पुल मर्मत | ४०००००।- | |
| ९ | पाङदुङ खोला झोलुङ्गे पुल मर्मत | ३०००००।- | |
| १० | ज्यामलिङ खोला पुल निर्माण | ३०००००।- | |
| ११ | घोरर्मु खोला झोलुङ्गे पुल निर्माण जम्खोर | ३०००००।- | |
| १२ | कलंसे खोला झोलुङ्गे पुल निर्माण | ३०००००।- | |
| १३ | खहरे खोला झोलुङ्गे पुल निर्माण | ३०००००।- | |
| १४ | आइतवारे भिरबाटो घेरावार | ३०००००।- | |
| १५ | कोलवारी गुठीघर निर्माण | ४०००००।- | |

| | | | |
|---|---|---|---|
| १६ | नागपुजे गुठीघर निर्माण | २०००००।- | |
| १७ | फाल्डुक एक घर एक धारा | ४०००००।- | |
| १८ | महिला आयआर्जन | २०००००।- | |
| १९ | कृषि | २०००००।- | |
| २० | ज्यामलिङ गुठीघर निर्माण | २०००००।- | |
| २१ | दलित | १५००००।- | |
| २२ | थामी जनजाती | १०००००।- | |
| २३ | भद्रकाली आ.वि.घेरावार | ३०००००।- | |
| २४ | स्यामसाघु ढुङ्गेधारा मर्मत | ३५००००।- | |
| २५ | जम्खोर खानेपानी पाइप खरिद | २०००००।- | |
| २६ | स्वास्थ्यमा भैपरी आउँदा खर्च गर्ने | १०००००।- | |

मध्येभोटेकोशी आयोजनाबाट प्रभावित क्षेत्र विकास कार्यक्रम अन्तर्गतको रकमबाट खर्च गरिने

बाह्रविसे नगरपालिका

वडा नं.७,वडा कार्यालय

आ.व.०७६।०७७ बजेट रु. २००००००।-(वीस लाख मात्र)

| क्र.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | सरस्वती मा.वि.थगाम | ४०००००।- | |

| | | | |
|---|---|---|---|
| २ | आवश्यकता अनुसार खानेपानी पाइप खरिद | २०००००।- | |
| ३ | मेलमिलाप केन्द्र भवन सम्पन्नको लागि | ३०००००।- | |
| ४ | विभिन्न स्थानमा जाली भर्ने योजना | २०००००।- | |
| ५ | हुन्डुङ गाउँ मलाति गोरेटो बाटो | २०००००।- | |
| ६ | डाँडागाउँ मलाति गारेटोबाटो | २०००००।- | |
| ७ | गरिव सँग विश्वेश्वर कार्यक्रम | १०००००।- | |
| ८ | विविध | ४०००००।- | |

बाह्रविसे नगरपालिका

वडा नं.८,वडा कार्यालय

आ.व.०७६।०७७ बजेट रु. ७५०००००।-( पचहत्तर लाख मात्र)

| क्र.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | सोलार बत्ती खरिद(खिपिङ पिपलबोट,साङबारी,खिपिङडाँडाटोल,थलाडाँडा हर्रेपिपलबोट,घुडे बस्ती, ककलिङडाँडा,पञ्चेडाँडा,लाँकुरीडाँडा साविक वडा नं.४,पसलडाँडा,छिमिटोलको चारदोवाटो,भैंसेमारा दोवाटो,पुछारटोल,चनौटेडाँडा पिपलबोट,जम्बु पुल आसपास,पाङ्खेडाँडा एक्लेवेंसी गोल्मास्थान,लाकुरीडाँडा जैसीगाउँ,घुमाङकोटडाँडा वडा कार्यालय छेउमा कामीगाउँ,कुसवारी,खरिवोटे र नेपालगाउँ वस्तीआसपासका वस्तीहरुको लागि) | ३१२५०००।- | |
| २ | पौडेलटोल बस्ती संरक्षण खिपिङ | २५००००।- | |
| ३ | साङबारी सामुदायिक भवनमा शौचालय निर्माण | २५००००।- | |
| ४ | महाभिर घुमडाँडा गोलेटोल छिमिटोल खानेपानी निर्माण | ३०००००।- | |
| ५ | नमुना घर संरक्षण | २०००००।- | |
| ६ | तामाङ आर्यघाट प्रतिक्षालय दुलुकुटे | १५००००।- | |
| ७ | बाग्रेखोला कुमाले खेत सिँचाई | १०००००।- | |
| ८ | पौडेलगाउँ खानेपानी मर्मत | १५००००।- | |
| ९ | आम्बोटे खेत सिँचाई | ७००००।- | |
| १० | ढाडको मुहान संरक्षण | १५००००।- | |

| | | | |
|---|---|---|---|
| ११ | माख्लो दमैगाउँ खानेपानी | १५००००।- | |
| १२ | ढाँडहुँदै कामीगाउँ सिढीबाटो | २०००००।- | |
| १३ | जम्बु सुङगुरे हुँदै बाह्रमुरे सिढीबाटो | २०००००।- | |
| १४ | हर्रे प्रतिक्षालय निर्माण | २०००००।- | |
| १५ | खरिबोटे खानेपानी मर्मत | १०००००।- | |
| १६ | लामाटोल भिमसेन मन्दिर पहिरो नियन्त्रण | २०००००।- | |
| १७ | पन्चडाँडा संरक्षण | ५०००००।- | |
| १८ | दशैं लक्षित सडक सरसफाई | ९०००००।- | |
| १९ | सुचना केन्द्र वडा कार्यालयमा नेटवर्क जडान | ७५०००।- | |
| २० | एक्लेवेशी आहालडाँडा सडक निर्माण | २०००००।- | |
| २१ | गुह्यखोला वासस्थान सिँचाई | ३००००।- | |

मध्येभोटेकोशी आयोजनाबाट प्रभावित क्षेत्र विकास कार्यक्रम अन्तर्गतको रकमबाट खर्च गरिने

बाह्रविसे नगरपालिका

वडा नं.८,वडा कार्यालय

आ.व.०७६।०७७ बजेट रु. २००००००।-(

वीस लाख मात्र)

| क्र.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | विविध | ४०००००।- | |
| २ | पूर्णश्वाँरा वि.क.टोल सडक निर्माण | ३०००००।- | |
| ३ | भुतेखोला भुक्ष्य नियन्त्रण | २०००००।- | |
| ४ | स्वास्थ्य पोषण कार्यक्रम | २५०००।- | |
| ५ | घट्टेखोला मानेश्वाँरा माख्लो गाउँ सडक | ५०००००।- | |
| ६ | अलैंची भट्टी संचालन | १०००००।- | |
| ७ | महिला क्षमता विकास | १०००००।- | |
| ८ | अपाङ्ग | १०००००।- | |
| ९ | घुडेमा आलु पकेट क्षेत्र विकास | १०००००।- | |
| १० | कात्तिके सिँचाई | १७५०००।- | |

बाह्रविसे नगरपालिका

वडा नं.९,वडा कार्यालय

**आ.व.०७६।०७७** **बजेट रु. ८००००००।-(असी लाख मात्र)**

| क्र.स. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री सरस्वती मावि शैक्षिक सुधार | ४०००००।- | |
| २ | राम्चे गाउँ स्वास्थ्य ईकाइ स्वास्थ्य सुधार | १५००००।- | |
| ३ | आरुखर्क खानेपानी | ४०००००।- | |
| ४ | चुल्ठी खानेपानी | १००००००।- | |
| ५ | राम्चे कोटगाउँ दलित वस्ती खानेपानी | १५०००००।- | |
| ६ | गैरीगाउँ प्यारे खानेपानी | ४०००००।- | |
| ७ | जुरे भालुखोप खानेपानी | २०००००।- | |
| ८ | पुरानोगाउँ खानेपानी ट्याङ्की निर्माण | ४०००००।- | |
| ९ | माख्लो भट्टे खानेपानी निर्माण | २०००००।- | |
| १० | सुईरे दमार खानेपानी निर्माण | १०००००।- | |
| ११ | कल्लेरी महिवले सडक | ३०००००।- | |

| | | | |
|---|---|---|---|
| १२ | तितेखानी तल्लोखण्ड सडक | ३०००००।- | |
| १३ | च्यूरिबोटे सिमलीबार सिढीबाटो | ३०००००।- | |
| १४ | मानेडाँडा कुवापानी सिढिबाटो | ७५०००।- | |
| १५ | विद्यालय देखि राम्चे ठाडो सिढीबाटो | ७५०००।- | |
| १६ | अँधेरीखोला सिँचाई कालापानी | ७५०००।- | |
| १७ | आरुखर्क पिकनिक स्मार्ट | ४५०००००।- | |
| १८ | साधुवेंशी सामुदायिक भवन निर्माण | ५००००००।- | |
| १९ | विविध | ४५०००००।- | |
| २० | सोलार बत्ती जडान ६ स्थानमा(रातामाटा,पधेरा,ठोटनेरी डाँडा,मानेडाँडा गैरीगाउँ चोक,बाह्रविसे फाँट,कल्लेरी मन्दिर | ६५०००००।- | |

सभाका माननीय सभाध्यक्षज्यू,

पाँचौ नगरसभालाई सफलतापूर्वक सम्पन्न गराउनको लागि नगरसभामा उपस्थित प्रमुख अतिथि संघीय संसद माननीय श्री अग्नी प्रसाद सापकोटाज्यू,जिल्ला समन्वय समितिका प्रमुख श्री कृष्णगोपाल तामाङज्यू,सदस्य श्री धनवहादुर तामाङज्यू,सभाका सदस्यज्यूहरु,प्रमुख प्रशासकीय अधिकृतज्यू, पत्रकारमित्रहरु, विषयगत शाखाका प्रमुखज्यू, लगायत सम्पूर्ण कर्मचारीज्यूहरु,नगरवासीहरु सवैमा हार्दिक धन्यावाद ज्ञानपन गर्दछु ।

धन्यावाद

सुशीला पाखीन

उपप्रमुख